स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता प्रदीप खड्कालाई धमाधम फिल्मको अफर छ । 'क्यामिनो' छायांकनमा जाने ढुंगो नलागेपछि उनी दिनेश राउतको 'एड्भेन्चर ड्रामा'मा व्यस्त छन् । निर्मात्री कृषा चौलागाईंले पनि उनलाई एक फिल्मको अफर गरेको बुझिएको छ । यस्तोमा २०७५ सालमा रिलिज भएको प्रदीप स्टारर 'लिलिबिली'को दोस्रो श्रृंखला निर्माण हुने भएको छ । निर्देशक मिलन चाम्सले आगामी चैत वा वैशाखदेखि यो रोमान्टिक ड्रामाको छायांकन सुरु हुने बताए । यो फिल्मलाई लिएर प्रदीप र निर्माता सुदीप खड्काबीच छलफल भएको छ ।

**आजको विचार...**



मणि शर्मा

हाम्रा... (दुई पेजमा)



रोमानियामा नेपाली समुदायले आयोजना गरेको सांगीतिक कार्यक्रममा प्रस्तुति दिइरहेका गायक प्रकाश सपुतमाथि आक्रमण भएको छ । नेपाली समयानुसार आइतबार राति मध्यरातमा स्टेजमा गीत गाइरहेका सपुतमाथि कन्सर्टमा सहभागीले क्यान बोतल प्रहार गरेका हुन् । 'बोल माया' गीत गाइरहँदा दर्शकीय दीर्घाबाट प्रहार गरिएको बोतल सिधैं सपुतको अनुहारमा लागेको थियो । उनको निधारमा सामान्य चोट लागेको र आधा घण्टा कार्यक्रम प्रभावित भएको जनाइएको छ । मादक पदार्थ सेवन गरेका व्यक्तिले बोतल प्रहार गरेका थिए ।

❑ वर्ष २८ ❑ अंक ३२९ ❑ २०८० असार १२ गते मंगलबार 27 June 2023, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### अवैध सामान सहित दुई जना पक्राउ



**बुटवल,** असार ११/अवैध सामान सहित रुपन्देहीमा दुई जना पक्राउ परेका छन् । रुपन्देही प्रहरीले अवैध सामानसहित २ जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा कोटहीमाई गाँउपालिका ३ का शैलेश भर र करण भर रहेका छन् ।

भन्सार छलेर मोजा, ब्लाउज, सुटलगायत सामान ल्याउँदै गर्दा मायादेवी गाउँपालिका मोतीपुरबाट उनीहरू आइतबार पक्राउ परेका हुन् । उनीहरूबाट प्रहरीले ३ लाख ६९ हजार ५ सय ५० रुपैयाँ बराबरका सामान नियन्त्रणमा लिएको हो । प्रहरीले उनीहरुको साथबाट मोटरसाइकल समेत नियन्त्रणमा लिएको छ । लु २९ प २९६७ र भारतीय नम्बरप्लेटको यूपी ५६ के ५९९० नम्बरको मोटरसाइकल नियन्त्रणमा लिइएको हो । सामानसहित पक्राउ परेका दुवै जनालाई आवश्यक कारवाहीका लागि भैरहवा भन्सार कार्यालयमा बुझाइएको रुपन्देही प्रहरीले जनाएको छ ।

# पाल्पाका स्थानीय सरकारका बजेट, कसका कस्ता ?

**रामचन्द्र रायमाझी/कृष्ण पोखरेल**

**पाल्पा,** असार ११/देशभरका अधिकांश स्थानीय सरकारले आइतबार बजेट सार्वजनिक गरेका छन् । स्थानीय सरकारले असार १० भित्र आगामी आर्थिक वर्षको बजेट ल्याउनुपर्ने कानुनी व्यवस्था अनुसार आर्थिक वर्ष २०८०/८१ को बजेट ल्याएका हुन् ।

पाल्पामा रहेका दशवटै स्थानीय तहले पनि नीति तथा कार्यक्रम सहितको बजेट सार्वजनिक गरेका छन् । यहाँका दुई नगरपालिका सहित आठ वटा गाउँपालिकाले आइतबार बजेट सार्वजनिक गरेका हुन् । कतिपयले नीति तथा कार्यक्रम र त्यसपछि बजेट सार्वजनिक गरे । केही स्थानीय तहले भने यसअघि नै नीति तथा कार्यक्रम ल्याएका थिए । बजेट सार्वजनिक गरेका पालिकामध्ये अधिकांशले कृषि, पर्यटन र पूर्वाधारलाई प्रमुख प्राथमिकतामा राखेर बजेट निर्माण गरेका छन् ।




**तानसेनको बजेट एक अर्ब, दुई करोड**

भौगोलिक रुपले जिल्लामा सबैभन्दा ठूलो रहेको तानसेन नगरपालिकाले आइतबार आगामी आवको लागि एक अर्ब दुई करोड ८ लाख ६४ हजार ३ सय ३७ बराबरको बजेट सार्वजनिक गरेको छ । यो बजेट चालु आर्थिक वर्षको भन्दा ३६ करोड ३८ लाख २९ हजार कम हो । 'सुव्यवस्थित पूर्वाधार, पहिचानमूलक उत्पादन र हरित वातावरणयुक्त पर्यटकीय, समावेशी, सांस्कृतिक नगर' को नारा सहित विकास र समृद्धिको परिकल्पनालाई साकार पार्ने गरी नगर सरकारले बजेट, नीति तथा कार्यक्रम ल्याएको छ । नगरसभा तथा १३ औं अधिवेशनमा उपमेयर प्रतिक्षा गाहा सिंजालीले पेश गरेको बजेटमा पर्यटनको विकास, संस्कृति संरक्षणलाई प्राथमिकतामा राखिएको छ । यसपटक सामाजिक सुरक्षा कार्यक्रम समावेश नगरेको र संघ, प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान र राजश्व बाँडफाँड शिर्षकका अनुदानहरु समेत घटेकाले बजेटको आकार घटेर आएको नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए । चालुतर्फ ५४.६१ प्रतिशत अर्थात् ५६ करोड १४ लाख २५ हजार र पुँजीगततर्फ ४५.३९ प्रतिशत अर्थात् ४६ करोड ६६ लाख ३९ हजार ३ सय ६७ बजेट ल्याइएको प्रमुख प्रशासकिय अधिकृत जीवन ज्ञवालीले बताए । नगर भित्रका १४ वडामा ७ करोड बजेट छुट्याइएको छ ।

**रामपुरको बजेट कृषि, पर्यटन र पूर्वाधारमा केन्द्रित**

रामपुर नगर सरकारले कृषि, पर्यटन र पूर्वाधार विकासलाई प्राथमितामा राख्दै आगामी आर्थिक वर्षको बजेट ल्याएको छ । नगर सरकारले नगर सभा तथा १३ औं अधिवेशनमार्फत ६९ करोड ७२ लाख ५० हजार बराबरको बजेट ल्याएको हो । यो गत वर्षको तुलनामा कम हो । नगर सरकारले चालु आर्थिक वर्ष ७२ करोड ४७ लाख ९५ हजारको बजेट ल्याएको थियो । नगर सभामा उपप्रमुख बालकुमारी थापाले आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गरेकी थिइन् । नगरपालिकाले आगामी आर्थिक वर्षको लागि प्रत्येक वडालाई ४२ लाख विनियोजन गरेको छ । गत वर्षका तुलनामा बजेटको आकार घटाएर ल्याइएको नगर प्रमुख रमणबहादुर थापाले बताए । बजेटले कृषि, पर्यटन र पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको प्रमुख प्रशासकिय अधिकृत लेखनाथ न्यौपानेले बताए ।

**रिब्दीकोटको ५३ करोडको बजेट**

रिब्दीकोट गाउँपालिकाले आगामी आर्थिक बर्षका लागि ५३ करोड ६८ लाख बराबरको बजेट सार्वजनिक गरेको छ । १३ औं गाउँसभामा उपाध्यक्ष कान्ता अधिकारीले आगामी बर्षको लागि बजेट पेश गरेकी हुन् । उपाध्यक्ष अधिकारीले पुँजीगततर्फ २३ करोड ५६ लाख ६४ हजार र चालुतर्फ २९ करोड ४४ लाख ४ हजार बजेट विनियोजन गरेको बताइन् । यो गत वर्षको भन्दा केही बढी हो । पालिकाले चालु आर्थिक वर्षमा ५१ करोड २४ लाख २५ हजारको बजेट ल्याएको थियो । आागामी आर्थिक वर्ष आन्तरिक आम्दानीको लागि ७३ लाख ७७ हजार रकम उठ्ने अनुमान गरिएको अध्यक्ष नारायणबहादुर कार्कीले बताए । आगामी बर्षको लागि गाउँपालिकाले कृषि, पर्यटन र पूर्वधारलाई प्राथमिकतामा राखेर बजेट ल्याइएको प्रमुख प्रशासकीय अधिकृत मदन अर्यालले बताए ।

**रैनादेवीमा ३ जिल्ला जोड्ने सडकलाई प्राथमिकता**


रैनादेवी छहरा गाउँपालिकाले आगामी बर्षको लागि ६५ करोड १८ लाख ५६ हजार बजेट विनियोजन गरेको छ । पालिका उपाध्यक्ष युवराज थापाले कुल बजेटको चालुतर्फ ४८ करोड ५८ लाख, ९ हजार र पुँजीगततर्फ १६ करोड ६० लाख ४६ हजार १४ औं गाउँसभामा पेश गरेका हुन् । यो चालु आर्थिक वर्षको भन्दा केही बढी हो । गत वर्ष पालिकाले ६४ करोड ६९ लाख २५ हजारको बजेट ल्याएको थियो । पालिकाले आगामी बर्ष ९० लाख आन्तरिक आम्दानी गर्ने लक्ष्य लिएको पालिका अध्यक्ष रुक्माङ्गत भट्टराईले बताए । भौतिक पूर्वाधार, कृषि शिक्षा, स्वास्थ्यमा सबैभन्दा बढी बजेट विनियोजन गरिएको प्रमुख प्रशासकीय अधिकृत दिनेश सारुले जानकारी दिए । गाउँपालिकाले रुपन्देहीसँग सडक सञ्जाल जोड्न सुन्दरेढुङ्गा, जुठापौवा, सालझण्डी मोटरबाटोलाई स्तरउन्नतीको लागि संघीय समपुरक र गाउँपालिकाबाट गरी २ करोड ७० लाख बजेट विनियोजन गरेको छ । गाउँपालिकालाई गुल्मी जिल्लासँग जोड्न संघ, प्रदेश र गाउँपालिकाबाट एकमुष्ट २ करोड, पालिकालाई अर्घाखाँचीसँग सडक सञ्जालले जोड्न धजाबान्ने, पेलावास तालपोखरा सडक स्तर उन्नतीको लागि ५० लाख, मेहलछेँढा, बुढीदमार सडक निर्माणको लागि ५० लाख, ताङसिंगल-सोमादी, सिदेश्वर मोटरबाटो स्तरउन्नतीको लागि ५० लाख विनियोजन गरेको छ ।

*(...बाँकी अन्तिम पेजमा*

## पखालाबाट बचौं र बचाऔं ।

***पखाला लाग्न नदिन,***

- खुलास्थानमा शौच नगरौं, शौचालयको प्रयोग गरौं ।
- शौचालयको प्रयोगपश्चात र फोहोर चिज छोएपछि साबुनपानीले मिचिमिचि हात धुने गरौं ।
- खाना बनाउनु खुवाउनु र खानु अघि पनि साबुनपानीले हात धुने गरौं ।
- उमालेको र फिल्टर गरेको शुद्ध र सफा पानीमात्र पिउने गरौं ।
- बासी, सडेगलेका र झिंगा भन्किएका खानेकुरा नखाऔं ।
- खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
- घरका कोठा, आँगन, कौशी, बरण्डा, भान्सा, शौचालय एवं घर वरिपरि सफा राखौं ।




नेपाल सरकार

**विज्ञापन बोर्ड**

## रेसुङ्गा नगर सरकारको बजेट ७१ करोड

**गुल्मी,** असार ११/जिल्लाको रेसुङ्गा नगरपालिकाले ७१ करोड भन्दा बढीको बजेट ल्याएको छ । आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि नगरप्रमुख खिलध्वज पन्थीले ७१ करोड ८८ लाख ७८ हजार ७ सय ६० बराबरको बजेट ल्याइएको बताए ।




१३ औं नगरसभा मार्फत ल्याइएको बजेटमा चालु खर्चतर्फ ५४ करोड ६८ लाख ६६ हजार ७ सय ६० र पूँजीगततर्फ १७ करोड २० लाख १२ हजार रहेको छ । नगरप्रमुख पन्थीले आर्थिक विकासतर्फ एक करोड १९ लाख, सामाजिक विकासतर्फ ४० करोड ८५ लाख ७१ हजार ७ सय ६०, पूर्वाधार विकासतर्फ १५ करोड ९९ लाख, वातावरण तथा विपद् व्यवस्थापनतर्फ ७० लाख, संस्थागत तथा प्रशासनिकतर्फ १२ करोड ४५ लाख ७ हजार बजेट प्रस्तुत गरे । जसअन्तर्गत कृषि र पशुपंक्षीतर्फ ९३ लाख, सहकारी उद्योग तथा वाणिज्य क्षेत्रको विकासका लागि १७ लाख बजेट विनियोजन गरिएको छ । रेसुङ्गा भ्रमण वर्षको रुपमा एक लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको नगरपालिकाले पर्यटन क्षेत्रका लागि १३ लाख, नगर क्षेत्र भित्रको शिक्षा क्षेत्रको पूर्वाधार विकास, प्राविधिक शिक्षाको विकास र विस्तार, विद्यालय क्षेत्र सुधार, शिक्षामा गुणस्तर प्रवर्द्धन गर्न सशर्त अनुदान २० करोड ६८ लाख र निशर्त अनुदानतर्फ एक करोड ६५ लाख बजेट विनियोजन गरिएको छ ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## बजेट माथि निरर्थक बहस

१५ जेठमा अर्थमन्त्री डा. प्रकाशशरण महतले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटको सडकदेखि सदनसम्म आलोचना भइरहेको छ । प्रतिपक्ष र सत्ता साझेदार दलहरुबाटै बजेटमाथि आलोचना हुने गरेको छ । प्रतिपक्षको विरोध स्वाभाविक हो, तर सत्ताधारी सांसदहरुले नै चर्को विरोध गर्दा सरकारलाई त्यसको सामना गर्न अप्ठ्यारो परेको देखिन्छ । यथास्थितीमा बजेट पारित गर्न नदिने प्रतिपक्ष दलहरुको अडान कायमै छ । संसद्मा तीन सातादेखि बहस जारी छ तर यसले सार्थकता भने पाउन सकिरहेको छैन । बजेट माथि नै यत्रो समय लगाउनु दुखद् हो । सत्तारुढ दलका चार नेताका क्षेत्रमा मात्र अनियन्त्रित रकम बाँडेर बाँकी क्षेत्रलाई उपेक्षा गरिएको भन्दै सहयात्री दलहरुले नै विरोध गरेका छन् ।

बजेट संशोधन नभए पारितै हुन नदिने चेतावनी उनीहरुले दोहोर्‍याइरहेका छन् । बजेट संशोधन गरेर जाने पक्षमा भने अर्थमन्त्री छैन । यसले गर्दा बजेटमा समय त्यत्तिकै खेर गइरहेको छ । बजेट संशोधनलाई सरकार माथिको अविश्वाससँग जोडेर हेर्ने प्रचलित अभ्यासका कारण संसद्मा हुने बहस केवल प्रक्रिया पूरा गर्ने कर्मकाण्ड मात्रै बन्दै आएको छ । भनिन्छ- बजेटमा कमा र फुलिस्टफ पनि फेरिन्न । त्यसैले त्यहाँ गरिएका बहसले केही हुन्छ भन्ने कसैलाई पनि लागेको छैन । स्वयं बोल्ने सांसदहरुले नै 'यहाँ बोलेर हुने त केही होइन, तै पनि बोल्न खोज्दैछु' भन्दै आफ्नो भनाइ राख्ने गरेका छन् । आखिर यसको कारण के होला ? श्राद्ध गर्दा बिरालो बाँधे झैं परम्परादेखि चलिआएको चलन यसपटक पनि जस्ताको तस्तै हुने देखिन्छ तर छलफल र बहस सकिदैन । सरकारले प्रस्तुत गरेको बजेटमा संसद्ले अल्पविराम-पूर्णविराम केही पनि चलाउन नपाउने हो भने महिना, डेढ महिनाको बहस मञ्चन गर्नुको अर्थ छैन । बजेटमाथि उठेको सबै प्रश्न ग्राह्य हुन्छन् भन्ने छैन । हरेक सांसदको अडान बजेटमा समेट्न सम्भव छ भन्ने पनि होइन । तर, सरकार स्वयंलाई महशुस भएका पक्ष हेरफेर गर्न भने हिचकिचाउनुपर्ने केही छैन । संसद्का रचनात्मक सल्लाह-सुझावलाई सकारात्मक रुपमा ग्रहण गरी बजेट संशोधनको अभ्यास बसाल्नु वाञ्छनीय हुन्छ । अन्यथा बजेट माथि गरिएको लामो बहसले कहिल्यै सार्थकता प्राप्त गर्न सक्दैन ।

### Opinion @ Social Network

हसिलो अनुहार छ भन्दैमा सबै मान्छे खुसी हुँदैनन्,
पीडाले मन पोल्छ, अनुहार होइन ।

(प्रदिप मगरको फेसबुक स्टाटस https://www.facebook.com/pradip.mgr)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हाम्रा नेताहरूले चाणक्यबाट सिक्नु आवश्यक



मणि शर्मा

संस्कृतका महाकवि भारविको महाकाव्य 'किरातार्जुनीयम' मा एउटा कथा छ । युधिष्ठिरले एकजना वनचरलाई दुर्योधनको राज्य व्यवस्थाको जानकारीका लागि गुप्तचरको रूपमा पठाउँछन् । उनी फर्केर आएपछि दुर्योधनको सम्पूर्ण राज्य व्यवस्थाका बारेमा जानकारी दिँदै भन्छन्, दूर्योधनले आफ्नो सम्पूर्ण राज्यव्यवस्थालाई मानवीय पद्धतिले सुव्यवस्थित गरेका छन् । युधिष्ठिर सोध्छन्, दुर्योधनका सेना कस्ता छन् ? वनचर सेनाको गुणहरूको वर्णन गर्दै भन्छन्, न यो संगठित छ र न भिन्न वृत्तिको । वनचरको यो वाक्य अत्यन्त अर्थगाम्भीर्ययुक्त छ । वास्तवमा वृत्ति समान र श्रेष्ठ नभए संगठन आफूमा गुणविहीन हुन्छ । उसको गुण र अवगुण संगठित मानिसहरूको वृत्तिमा निर्भर गर्छ । डाका, अपराधी र आतंकवादीहरूको पनि संगठन हुन्छ र त्यो निकै अनुशासित हुन्छ तर उसको संगठन आफ्नो वृत्तिका कारण अत्यन्त निकृष्ट हुन्छ । निकृष्ट वृत्तिहरूको सुगठित समूहले आफ्नो गलत कुराहरूलाई पनि बलपूर्वक मान्न बाध्य पार्छ । यस्तै मानिसहरूले जसलाई असंगठित समाज भन्छन्, यदि उसका वृत्तिहरूमा समानता र श्रेष्ठता छ भने कुनै पनि श्रेष्ठ कार्यका लागि उनीहरू एकदिन कहीँ पनि एक हुन्छन् । उदाहरणका लागि बालेनप्रति बढ्दो जनभावना हेरे पुग्छ ।

समाजमा कुनै पनि कार्यभन्दा आवश्यक उसको मानसिक वृत्तिहरूको आरोहण हो । यदि वृत्तिहरू श्रेष्ठ छैनन् भने भौतिक रूपले खडा गरिएका संगठनहरू स्वार्थी र पदलोलुप हुन्छन् । धुर्त नेताहरू सदैव भन्छन् तिमीहरू मेरो पछाडि उभिन आऊ । तिमीहरूको मबाट नै कल्याण हुन्छ । जबकि वास्तविकता यो हो कि संसारमा जति पनि मानिस श्रेष्ठ वृत्तिहरूबाट युक्त हुन्छन् त्यो समाज त्यति नै कल्याणकारी हुन्छ र चुनौतीलाई सामना गर्न सक्षम हुन्छ । किनकि वृत्तिहरूको मिलन नै सबैभन्दा ठूलो संगठन हो । वृत्तिहरूको आरोहणको मार्ग नै धर्म हो, यसैले धर्ममा क्रिया होइन कि वृत्तिलाई प्रधान मानिन्छ । एकजना अमेरिका रिटर्न सांसद जो एमसिसीका प्रवक्ता र अमेरिकी सेनालाई निर्वाधरूपमा नेपाल प्रवेश गर्न दिने पक्षपाती छन्, उनले भने नेपाली सेनाको संख्या कटौती गर्नुपर्छ । उनको दल अहिले जनतामा भ्रम सिर्जना गरेर लोकप्रिय हुन सफल भएको छ । हिजो माओवादीलाई आफ्नो मसिहा देख्नेहरू आज त्यो नवदलका नेताको अनुहारमा आफ्नो मसिहा देख्ने भ्रमजालले अन्ध भएका छन् । जसरी हिजो माओवादीलाई शिरमा राखेर छविलाल र बाबुरामहरूमार्फत आफ्नो मुक्तिका सपना देखेका थिए ठीक त्यस्तै आज त्यो दल र त्यसका नेतालाई आफ्नो मसिहा ठान्दै तिनै जनता आज तिनै चटकेहरूबाट आफ्नो स्वर्णिम भविष्यको सपना देखिरहेका छन् । जुन दिन उनीहरूको स्वप्न भंग हुनेछ त्यो दिन फेरि पछुताउने छन् । हो, नेपाली सेनामा नेपालीपन र नेपाली स्वाभिमान छैन । उसकै कारण नेपालमा आज सनातन धर्म विरोधी संघीय गणतन्त्र आएको छ । यो उसको चिफन डमरु र त्रिशूलको अपमान हो । यो अपमान राष्ट्र एकीकरणको महामन्त्र पृथ्वीनारायण शाहलाई दिने राष्ट्रगुरु गोरखनाथ, पश्चिम नेपालको एकीकरणमा महत्वपूर्ण भूमिका खेल्ने गुरु भगवन्तनाथको अपमान हो । आशा गरौँ कुनै दिन यसको नेतृत्व भक्ति थापा, अमरसिंह थापा र वीर बलभद्र जस्ता सेनानायकको उत्तराधिकारीहरूको हातमा जानेछ । देशलाई जोगाउने जिम्मा सेनाकै हो, पैसामा बिक्ने अदालत त राजनीतिक दलहरू र बाफयशक्तिको कठपुतली बनिसकेका छन् । सरकार भ्रष्ट भए त्यसलाई रोक्न सक्ने क्षमता केवल अदालतको हो तर सनातन धर्मविरोधी गणतान्त्रिक अदालतले सदैव भ्रष्ट तथा देशद्रोही नेता, विशेषगरी शीर्ष नेताहरूको पक्षमा राष्ट्रविरुद्ध फैसला गर्ने गरेको छ । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले अनुमोदन नगरी थन्क्याएको नागरिकता विधेयक वर्तमान राष्ट्रपतिले पुष्पकमल दाहालको इण्डिया भ्रमणको पूर्वसन्ध्यामा अनियमित तरिकाले अनुमोदन गरेका थिए तर सर्वोच्च अदालतले पुनः त्यसलाई कार्यान्वयन नगर्न आदेश दिएको छ । जसरी इण्डियाले सन् १९५० लाई आधार बनाएर नागरिकता दिने गरेको छ, त्यसरी नै के नेपालले सन् १९५० लाई नागरिकता प्राप्तिको आधार वर्ष बनाउन सक्दैनथ्यो ?

त्यसपछि लिएका विदेशीहरूको नागरिकता खारेजी गर्न सकिँदैनथ्यो । तर, यस व्यवस्थाका शासक वर्गको चाहनालाई सर्वोच्च अदालतले साकार गर्दै गइरहेको छ । पुष्पकमल दाहाल आफूले गणतन्त्र ल्याएको भनेर गफ दिने गर्छन् तर गणतन्त्र, संघीयता र धर्म निरपेक्षता कसले ल्याइदिएको हो उनीहरूकै मालिकहरूले आफ्ना पुस्तकमार्फत बारम्बार दाबी गरी रहँदा दाहाल किन बोल्दैनन् ? इण्डियन विदेश सचिव श्यामशरणका अगाडि नेपाली सेना नझुकेको भए के नेपालमा गणतन्त्र आउन सक्थ्यो ? अदालतमा नेपाली न्यायाधीशहरू छँदै छैनन् । हुन्थे भने काठमाडौंका मेयर बालेन शाहले साउथ इण्डियन फिल्म आदिपुरुषमा नेपालविरोधी संवाद र त्यस फिल्मका पटकथा तथा संवाद लेखक मनोज मुंतसिर शुक्लाको नेपालको स्वतन्त्रता तथा सार्वभौमसत्तामा आँच आउने अन्तरवार्ता दिएकोमा बालेनले न केवल आदिपुरुष माथि प्रतिबन्ध लगाए अपितु आदिपुरुषको मूलकपीमा संवाद सच्याएर माफी नमागेसम्म काठमाडौंमा इण्डियन मुभी चलन दिन्न भन्ने राष्ट्रवादी अडानविरुद्ध परेको मुद्दामा अदालतले बालेनको अडानविरुद्ध फैसला गरेर इण्डियाका आधिपत्य स्वीकार्ने निर्णय गर्छ । बालेनले अदालतको आदेश नमान्ने भनेर बडो मार्मिक स्ट्याटस सामाजिक सञ्जालमा लेखेका छन् । इण्डियाको केही र अन्य विदेशी सञ्चारमाध्यमसमेत बालेनको पक्षमा हुँदा नेपालका राजनीतिक दलहरू मुखमा पट्टी बाँधेर बसेका छन् । आज देशलाई माया गर्ने सम्पूर्ण नेपाली अदालतको विरुद्ध र बालेनको पक्षमा छन्, त्यसरी नै नागरिकताको विरुद्धमा पनि । प्रमुख जिल्ला अधिकारीलाई सरकारले ल्याएको नगरिकता विधेयकलाई कार्यान्वयन नगर्न अनुरोध गरिरहेका छन् तर शासकवर्गको आदेश मान्न उनीहरू बाध्य छन् । अदालत स्वयं पनि देशविरुद्ध निर्णय दिइरहेको छ भने प्रजिअको के औकात ?

पहिला पहिला हामी हिन्दी फिल्महरूमा हेर्थ्यौं, गेरुवा वस्त्र लगाएर डाकाहरू गाउँगाउँमा गएर लुट्ने गर्थे र उनीहरूको विरोध गर्नेलाई मार्नेगर्थे । अहिले समय फेरिएको छ । अहिले नेताहरू यसो गर्छन् । पुष्पकमल दाहालको गेरुवा वस्त्र र जनै, महाकालेश्वरदेखि पशुपतिको यात्रा गर्न मोदीले बाध्य गरे तापनि उनको गेरुवा वस्त्र, जनै र त्रिपुण्ड धारण एउटा ढोंग हो, पुराना हिन्दी फिल्मका डाकाहरूको जस्तै । नेपाल र नेपालीमाथि हिंसात्मक आक्रमण गर्ने बेला इण्डियाका तत्कालीन प्रधानमन्त्री अटलबिहारी बाजपेयीको श्रीचरणकमलमा परेर बिन्तिपत्र हाल्दै भनेका थिए, प्रभु, हामी इण्डियाको विरोध गर्दैनौं, हजुरले आज्ञा दिएको सबै कर्म गर्नेछौं । त्यसपछि मात्र इण्डियाले माओवादीलाई सहयोग गर्दै इण्डियामा माओवादीलाई आफ्नो सेनाबाट तालिम दिलाएको थियो । उता बाजपेयीको चरणमा परेर इण्डियाको हितमा काम गर्छु भन्ने प्रण गर्ने यता इण्डियाविरुद्ध सुरुङयुद्धको नाटक गरेर आफ्ना कार्यकर्तालाई दिग्भ्रमित गरी मृत्युको शिकार हुन दिने । पुष्पकमल दाहालको चरित्र सुरुदेखि नै व्यक्तिवादी, स्वार्थी, दुई जिब्रे र देशद्रोही नै थियो । आज पनि उनले आफ्नो चरित्र बदल्न नसकेर मोर्चामात्र बदल्दै आफ्ना कार्यकर्तालाई दिग्भ्रमित पारिरहेका छन् । इण्डिया अहिले पनि नेहरू डक्ट्रिनमा चलिरहेको छ । ठूला शक्तिराष्ट्रहरूको अगाडि घुस्रिँदै मित्रवत सम्बन्ध राख्ने र आफ्ना कमजोर छिमेकीहरू प्रति गुलामको व्यवहार गर्दै सधैंभरि उसलाई दबाइराख्ने गर्छ । इण्डिया केवल हाम्रो छिमेकी हो । राजा कहिल्यै कसैको गुलाम हुँदैनन् त्यसैले राजतन्त्रलाई इण्डिया र पश्चिमा शक्तिले आ-आफ्ना स्वार्थमा फालेको हो । यो कुरा त बाबुराम र पुष्पकमलहरूका गुरुहरूले लिखित रूपमा भनिसकेका छन् । उनीहरूलाई चाहिएको गुलाम हो, त्यसैले राजसंस्था फालेर आफ्ना गुलामहरूको सरकार बनाउने गरेका छन् । न न्यायाधीशहरू न त नेताहरू इतिहासबाट शिक्षा लिन्छन् । अलेक्जेण्डरका सेनापति सेल्युकस अलेकजेण्डर इण्डियाबाट फिर्ता जान लाग्दा उनी यहीँ बसे । उनले मगधमाथि आक्रमण गर्ने तानाबुना बुन्न थाले । आफूहरू संगठित भएपछि मगधमाथि आक्रमण गरे । चाणक्यको दूरदर्शिता तथा राष्ट्रप्रेमले ग्रीक सेनाहरू पराजित हुन्छन् । आफू पराजित भएपछि सेल्युकसले आफ्नी सुन्दरी कान्छी पुत्री हेलेनको विवाह चन्द्रगुप्त मौर्यसँग गरिदिएर दौत्यसम्बन्ध स्थापना गर्न खोजे । चन्द्रगुप्तले पनि हेलेनको सुन्दरतामा मुग्ध भएर उनीसँग विवाह गर्न चाहे । उनी सेल्युकसको प्रस्ताव स्वीकार गर्दै हेलेनसँग विवाह गर्न तयार भए । चाणक्यले केही शर्तसहित हेलेनको विवाह चन्द्रगुप्तसँग गराए ।

उनको पहिलो शर्त थियो, दुवैको संसर्गबाट जन्मेको बच्चा मगधको उत्तराधिकारी हुनेछैन । उनले कारण बताए, हेलेन एउटी विदेशी कन्या हो । उसलाई यो देशप्रति त्यति माया हुँदैन जति आफ्नो देशप्रति छ । मगधका पूर्वजहरूसँग उसको कुनै साइनो छैन र उसलाई यहाँको संस्कार र संस्कृतिको ज्ञान छैन । उनको दोस्रो शर्त थियो, हेलेन शत्रुपक्षको कन्या हो । उसको निष्ठा कदापि मगधसँग हुनेछैन र हुँदैन पनि । तेस्रो शर्त चाणक्यले राखे, हेलेनको पुत्र विदेशी माताको सन्तान हुने भएकोले उसको प्रभावबाट कहिल्यै मुक्त हुने छैनन् र मगधको माटो तथा मगधप्रति कहिल्यै निष्ठावान हुने छैन । एउटा अरू शर्त चाणक्यले हेलेनसमक्ष राखेका थिए कि उसले कहिल्यै पनि चन्द्रगुप्तलाई राजकार्यमा हस्तक्षेप गने छैन र राजनीति र प्रशासनिक कार्यबाट सदैव टाढा बस्नेछ, परन्तु गृहस्थ जीवनमा हेलेन पूर्णतः अधिकारसम्पन्न हुनेछिन् । हेलेनले चाणक्यको सबै शर्तहरू मानेपछि मात्र चन्द्रगुप्तसँग उसको विवाह भयो र आजीवन उसले चाणक्यका शर्तको पालन गरी । आचार्य चाणक्य जस्तो महान् कूटनीतिज्ञ र महान् नीतिकार राजनीतिज्ञसँग हाम्रा नेताहरूले प्रेरणा लिएका भए नेताहरूसँगै हामी पनि विदेशी शक्तिको अघोषित गुलाम हुने थिएनौं । नागरिकता दिँदा चाणक्यको नीतिको पालन गरेको भए आज देश यति कमजोर हुनेथिएन न त देशभक्त जनताहरूको विरोध नै सहनुपर्थ्यो । तर, जसरी मालिकले आफ्नो प्यारो कुकुरलाई साङ्लामा बाँधेर माया गर्छ र उसले जसका विरुद्ध भुक्न भन्छ उसविरुद्ध भुक्ने र जसलाई टोक्न भन्छ उसलाई नै टोक्ने काम गर्छ, त्यस्तै काम हाम्रा नेताहरू र सरकारका चारै अंगहरू गरिरहेका छन् ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यमा सफलता लाग्नेछ । धार्मिक कार्यमा सहभागी बन्नु पर्नेछ । | **तुला** : सौन्दर्यतामा धन खर्च हुनेछ । सरकारी निकाएको भय रहला । |
| **वृष** : नयाँ कामको समय मिल्नेछ । सुख, दुख वरावरी खालको समय छ । | **वृश्चिक** : दैनिक कार्यमा प्रगति हुनेछ । धर्म, कर्ममा मन पनि लाग्नेछ । |
| **मिथुन** : जोश जाँगर बढ्नेछ । बिना प्रतिस्पर्धा फाइदा हुने योग छ । | **धनु** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । |
| **कर्कट** : साहित्यिक क्षेत्रमा रुची बढ्नेछ। जोश, जाँगर र उमङ्ग बढ्नेछ । | **मकर** : आफन्तको सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छ । |
| **सिंह** : आँटेको र ताकेको कार्य पुरा होला । सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ । | **कुम्भ** : आत्मबलमा कमी आउनेछ । मनमा दुविधा उत्पन्न हुनेछ । |
| **कन्या** : श्रमको उचित मुल्याङ्कन हुनेछ । मिष्ठान्न भोजनको अवसर मिल्नेछ । | **मीन** : नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । ज्ञान सिक्ने मौका मिल्नेछ । |




# ‘नेपाल डेटाको प्रयोग र सुरक्षामा निकै कमजोर छ’

नेपालमा हालसम्रुम बिग डेटाको प्रयोग नभएको सरोकारवालाहरुले जोड दिएका छन् । डिजिटल नेपाल कन्क्लेभ २०२३ को दोस्रो दिन डेटा गभर्नेन्स एण्ड सेक्यूरिटी फर डिजिटल क्यापाबलिटीज सेसनमा बोल्दै सरोकारवालाहरुले नेपालमा डेटाको प्रयोग र सुरक्षा निक्कै कमजोर रहेको बताएका हुन् । कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयका निमित्त प्रमुख डा. हेमराज रेग्मीले आफूहरुले बिग डेटाको प्रयोग राम्रोसँग गर्न नसकेको बताए । उनले भने, ‘राष्ट्रिय तथ्या’ कार्यालय नेपालमा बिग डेटाको प्रयोग राम्रोसँग भएको छैन । वि.सं. २०२८ मा जनगणना गर्न नेपालमै पहिलो पटक कम्प्युटर प्रयोग भएको थियो । पहिलो पटक कम्प्युटरको प्रयोग भएपछि राष्ट्रिय तथ्याङ्क कार्यालयले आईटीको प्रयोग राम्रोसँग गर्न सकेको छैन ।’




राष्ट्रिय तथ्यांक कार्यालयले आईटीको प्रयोग राम्रोसँग गर्न नसक्नुमा केही कानुनी बाध्यता पनि रहेको उनले स्वीकारे । स्रोत साधनको कमी हुँदा प्रविधिको प्रयोग राम्रोसँग गर्न नसकिएको भन्दै रेग्मीले अगाडि भने, ‘तर, सीमित स्रोत साधनका बाबजुद पनि सकेसम्म सूचना प्रविधिको प्रयोग गरिरहेका छौं । डेटा सेयर गर्न कानुन बाधक रहेको छ ।’ यस्तै उनले सरकारले आर्थिक वर्षको बजेटमा ३३ जिल्लामा भएका तथ्याङ्क कार्यालय खारेज गर्नुले झन् डेटा संकलन, विश्लेषण र कार्यान्वयनमा प्राथमिकतामा नराखेको हो कि भन्ने प्रश्न उब्जिएको बताए । उनले भने, ‘आर्थिक वर्ष २०८०/८१ को बजेटमा ३३ जिल्लामा भएका तथ्यांक कार्यालय खारेज गर्ने भनिएको छ । त्यसको ठाउँमा प्रदेश कार्यालय स्थापना गर्ने भनिएको छ । यसले गर्दा राज्यले डेटालाई प्राथमिकतामा नराखेको होकी भन्ने प्रश्न उब्जिएको छ ।’ राष्ट्रिय सूचना प्रविधि केन्द्रका कार्यकारी निर्देशक प्रदीप शर्मा पौडेलले एक ठाउँमा मात्रै डेटा सेन्टर हुँदा डेटा सुरक्षामा दिनदिनै प्रश्न उठ्रुने गरेको बताए । ‘एक ठाउँमा मात्रै डेटा सेन्टर हुँदा डेटामा पटक-पटक सुरक्षामा प्रश्न उठेको छ । जति धेरै ठाउँमा डेट सेन्टर भयो त्यति नै धेरै डेटा सुरक्षित हुन्छ । तर, हाल हेडौंटामा मात्रै डेटा सेन्टर छ’ उनले भने । सरकार यही डेटा नभएकै कारण कमजोर हुँदै गएको भन्रुदै अब हिमाली भेगमा डेटा सेन्टर राखेर नेपाललाई डेटा सेन्टर हब बनाउन सकिने बताए । तर पूर्वाधार बनाउन निक्कै चुनौती रहेको पनि उनको भनाइ छ ।

‘नेपालको हिमाली भेगमा डेटा सेन्टर राखेर नेपाललाई डेटा सेन्टर हब बनाउन सकिन्छ । तर यसमा केही चुनौती छन् । त्यो ठाउँमा कनेक्टिभिटी र विद्युत पुग्छ की पुग्दैन ? त्यो चुनौती छ। हामी पूर्वाधारमा कमजोर छौं । अहिले राष्ट्रिय सूचना प्रविधि केन्द्र गाली खाने ठाउँ मात्रै भएको छ’ उनले भने । यस्तै सूचना तथा सञ्चार प्रविधि क्षेत्र मानिसको अभिन्न अंग जस्तै भइसक्दा पनि शहरीभन्दा नेपालको गाउँको अवस्था डेटा सुरक्षा जनचेतना कमजोर रहेको एनसेलको चिफ इन्फर्मेसन अफिसर विशालमणि उपाध्यायले बताए । उनले भने, ‘सूचना तथा सञ्चार प्रविधि क्षेत्र मानिसको लाइफस्टाइल भइसकेको छ । एनसेलले ग्राहकको डेटा सुरक्षा र गोपनीयतामा ध्यान दिएको छ । शहरमा डेटा सुरक्षा जनचेतना केही भएपनि गाउँको अवस्था भने डेटा सुरक्षा जनचेतना कमजोर छ ।’ उनले दूरसञ्चार सेवा प्रदायकहरुले दिएको सिमको मोबाइल नम्बर जथाभावी दिएकाले डेटा सुरक्षामा चुनौती देखिएको बताए । तर, एनसेलले भने डेटा सुरक्षा र गोपनीयतामा ध्यान दिदै आएको उनको भनाइ छ ।

‘शहरमाभन्दा गाउँमा धेरैले इमेल र मोबाइल नम्बर जहाँ पायो त्यही दिन्छन् । त्यसमा ख्याल गर्नुपर्छ,’ उनले भने, ‘नेपालको टेलिकम क्षेत्र सुरक्षित भएपनि पर्योग गर्ने तरिकामा भर पर्छ । तर एनसेलले डेटाको गोपनीयतामा ध्यान दिँदै आएको छ ।’ यता, कुनै पनि सिस्टम सुरक्षित हुन पुरै डेटा सुरक्षित हुनुपर्ने एनआईसी एसिया बैंकका साइबर तथा डिजिटल इन्नोभेसन प्रमुख नरेन्द्र मैनालीले बताए । नेपालका बैंकिङ क्षेत्रमा डेटा सुरक्षा कमजोरी रहेको उनको भनाइ छ । उनले भने, ‘कुनै पनि सिस्टम सुरक्षित हुन पुरै डेटा सुरक्षित हुनुपर्छ । नेपालको बैंकिङ क्षेत्रमा केही सुरक्षा कमजोरी छन् ।’

*-अनलाइन खबर डटकम*

# मस्कका ५२ स्टारलिंक स्याटेलाइट अन्तरिक्षमा



विश्वकै धनी व्यक्ति एलन मस्कले अन्तरिक्षमा पकड बढाउँदै लगेका छन् । उनको अन्तरिक्ष कम्पनी स्पेस एक्सले सोमबार मात्रै ५२ वटा स्टारलिंक स्याटेलाइट पृथ्वीको तल्लो कक्षमा छाडेपछि उनको अन्तरिक्षमाथिको पकड क्रमश: बलियो बन्दै गएको छ । अमेरिकन सञ्चार माध्यमका अनुसार ट्विटर र टेस्लाका प्रमुखसमेत रहेका मस्कको कम्पनी स्पेस एक्सको फाल्कोन-९ बुस्टर रकेटले ५२ वटा स्टारलिंक स्याटेलाइट हिजो अन्तरिक्षमा पठाएको थियो ।

अमेरिकी समयअनुसार सोमबार बिहान ३ बजेर १० मिनेटमा फ्लोरिडास्थित प्रक्षेपण केन्द्रबाट लन्च भएको उक्त रकेट ८ मिनेटमा काम सम्पन्न गरेर पृथ्वीमा फर्केको थियो । समाचारअनुसार लन्च भएको ८ मिनेट ३० सेकेन्डमा फाल्कोन-९ को बुस्टर एट्लान्टिक महासागरस्थित अवतरण स्थलमा फर्किएको थियो ।

यस वर्ष उक्त बुस्टर र केटको ९ औं प्रक्षेपण र अवतरण हो । अन्तरिक्षको माथिल्लो भागमा रहेको स्टारलिंकका ५२ वटा स्याटेलाइटहरू यसपटक पृथ्वीको तल्लो कक्षमा छाडिएको छ । प्रक्षेपण भएको ६५औं मिनेटमा ती स्याटेलाइटहरूलाई पृथ्वीको तल्लो कक्षमा छाडने काम सम्पन्न भएको हो । हालसम्म स्पेस एक्सले र खेका ४ हजार ५ सयभन्दा बढी स्टार लिंक स्याटेलाइट मध्ये ४ हजार २ सय वटा सञ्चालनमा रहेको स्पेस एक्सका खगोलशास्त्री जोनाथलन म्याडेवल जानकारी दिएका छन् । स्टारलिंक मेघा कन्स्टिलेसन निर्माणका लागि मस्कले १२ हजार वटा स्याटेलाइट राख्ने अनुमति पाएका छन् । तर उनले थप ३० हजार वटा स्याटेलाइट राख्नका लागि अनुमति माग गरेको र त्यसमा दिने नदिने भन्नेमा पुनर्विचार भइरहेको अमेरिकी सञ्चारमाध्यमले जानकारी दिएका छन् ।

*-हाम्राकुरा डटकम*

# यी हुन् विश्वका सबै भन्दा तीव्र गतिका १० रेल

नेपालमा जनकपुर-जयनगर चल्ने रेल सञ्चालमा आए पनि स्थापित हुन सकेको छैन । दैनिक दुईपल्ट यो रुटमा रेल चल्ने गरेको छ । केही दिनअघि मात्रै भारतको बथनाहाबाट विराटनगरसम्म पनि कार्गो रेल आएको छ । तर, यसको दीर्घकालीन सञ्चालनको विषय स्पष्ट छैन । नेपालमा पूर्वपश्चिम विद्युतीय रेलमार्ग, सिगात्से-केरुङ-काठमाडौं रेलमार्ग र अन्य रेलमार्गदेखि काठमाडौं उपत्यकामा मनोरेलसम्मका विषयमा बेला बेला चर्चामा आउँछन् । तर, पनि रेलमार्ग र रेलयात्राका विषय आजका दिनसम्म सपनामै जस्तै छन् भन्दा पनि हुन्छ । सयौं मानिसहरुलाई एकैपटक बोक्ने, एक सहरबाट अर्को सहरमा सयौं किलोमिटर प्रतिघण्टाको गतिमा कुद्ने रेल यातायातको विकास विश्वमा भने आक्रामकरुपमा बढ्दै आएको छ । हवाई यातायातको सबैभन्दा उत्कृष्ट विकल्प आजका दिनमा रेलमात्रै रहेको छ । सन् १९८० को दशकदेखि जापानको सिन्कानसेन र फ्रान्सको ट्रेन ए ग्रान्ड भिटेसे (टीजीभी)को नेतृत्वमा अहिले युरोप र एसियाभर उच्च गतिका रेल र रेलमार्ग विकास र विस्तारमा अर्बौं डलर लगानी गरिएको छ ।



जापानको सिन्कानसेन बुलेट ट्रेन र फ्रान्सेली टीजीभी हाई स्पिड ट्रेनले वर्षौंसम्म आफ्नो तिव्र गतिको कृतिमानी कायम राखेको थियो । पछिल्लो दशकमा चीनले देशको हरेक कुनामा पुग्ने ३८ हजार किलोमिटरको रेलमार्ग विस्तार गरेको छ । आजको मितिमा विश्वका प्रमुख तीन उच्च गतिका रेल चीनसँग छन् र चीन अझै एकहजार किलोमिटर प्रतिघण्टा रफ्तारको रेल विकास गर्नेतिर लागेको छ । अहिले स्वच्छ उर्जाबाट चल्ने तीव्र गतिका रेल निर्माण तथा विकासको प्रतिस्पर्धा विश्वमा छ । चीन, अमेरिका, बेलायत, जापान, जर्मनी, फ्रान्स, अष्ट्रेलिया र स्पेनजस्ता देशले तीव्र गतिका रेलको विकास र रेलमार्गको विस्तारमा निरन्तर काम गरिरहेका छन् । विश्वमा अझै तीव्र गतिका रेल आउनसक्ने सम्भावनासहित अहिले सञ्चालनमा रहेका १० तीव्र गतिका रेल भने निम्न हुन् ।

**१. सांघाई म्याग्लेभ (चीन)**

विश्वको सबैभन्दा तीव्र गतिको रेल चीनको सांघाई म्याग्लेभ रेल हो । चुम्बकीय प्रविधिको प्रयोग गरेर घर्षणरहित रुपमा निर्माण गरिएको सांघाई म्याग्नेटिक लेभिएसन (म्याग्लेभ) यस प्रकारको विश्वकै पहिलो यात्रुबाहक रेल पनि हो । सांघाईको पुडोङ एयरपोर्टलाई लोङ्याङ रोड स्टेशनसँग जोड्ने यो रेलको अधिकतम गति ४६० किलोमिटर प्रतिघण्टा छ । यसले ३० किलोमिटरको यात्रा साढे सात मिनेटमै पूरा गर्छ । जर्मन टेक्नोलोजीमा आधारित म्याग्लेभ ट्रेन शक्तिशाली चुम्बकको प्रयोगमा उच्च गतिमा कुद्छन् । अहिले चीनले आफ्नै प्रविधि प्रयोग गरेर ६०० किलोमिटर प्रतिघण्टा क्षमताको म्याग्लेभ रेल विकास गरेको छ ।

**२. सीआरएच ३८० बी (चीन)**

चाइना रेलवे हाई स्पिड(सीआरएच) अन्तर्गत पनि उच्च गतिका रेलहरु रहेका छन् । यस अन्तर्गतको सीआरएच ३८० बी रेल सांघाई, हांग्झोउ र सांघाई नान्जिङ रुटमा चल्छ । यो रेलको गति ३५० किलोमिटर प्रतिघण्टा रहेको छ । यस अन्तर्गतकै सीआरएच ३८० ए रेलले सन् २०१० मा परिक्षणका क्रममा ४८६.१ किलोमिटर प्रतिघण्टाको गति दिएको थियो । यो रेलले अवैधमा रुपमा जापानको सिन्कानसेन प्रविधि प्रयोग गरेको भन्दै विवादास्पद भएको थियो ।

**३. सीआर४०० फक्सिङ (चीन)**

चीनको सीआर४०० फक्सिङ रेल अर्को तीव्र गतिको रेल हो । ३५० किलोमिटर प्रतिघण्टाको रफ्तारमा गुड्ने यो रेलले परिक्षणका क्रममा ४२० किलोमिटर प्रतिघण्टाको गति दिएको थियो । १६ कार जोडिएजत्तिकै लामो यो रेलले अधिकतम १२०० यात्रु बोक्न सक्छ । यो रेलका भेरियन्टहरू हाल बेइजिङ-सौाई-हङकङ र बेइजिङ-हार्बिन रुटमा सञ्चालनमा छन् ।

**४. आईसीई ३ (जर्मनी)**

विश्वका प्रमुख तीव्र गतिका रेलमध्ये जर्मन इन्टरसिटी एक्सप्रेस (आईसीई) ब्रान्ड अन्तर्गतका रेल पनि पर्छन् । यीमध्येको आईसीई३ रेल सबैभन्दा उच्च ३३० किलोमिटर प्रतिघण्टाको गतिमा कुद्छ । सन् १९९९ देखि सञ्चालनमा रहेको यो रेल परीक्षणका क्रममा ३६८ किलोमिटर प्रतिघण्टाको गतिमा कुदेको थियो । विद्युतीय रेल आईसीई३ मा १६ वटा मोटर रहेका छन् जसले ११ हजार हर्सपावर उत्पन्न गर्छ । आईसीई३ रेल जर्मनीभरि र पेरिस, एम्स्टर्डम र ब्रसेल्ससँग प्रमुख जर्मन सहर जोड्ने अन्तर्राष्ट्रिय रेलमार्गमा पनि सञ्चालनमा छन् ।

**५- टीजीभी रेल (फ्रान्स)**

फ्रान्सले लामो समय सबैभन्दा तीव्र गतिका परम्परागत रेलको कृतिमानी राखेको थियो । सन् २००७ को अप्रिल ३ मा फ्रान्सले ५७४.८ किलोमिटर प्रतिघण्टाको रेल परिक्षण गरेको थियो । फ्रान्सको ट्रेन ए ग्रान्ड भिटेसे (टीजीभी) प्रविधि हाई स्पिड रेलका लागि विश्वकै पायोनियर मानिन्छ । फ्रान्सले दोस्रो विश्वयुद्ध यता निरन्तर रुपमा रेलको गति बढाउँदै लगेको थियो । सन् १९५५ मा पूरानो कृतिमानी तोड्दै ३३१ किलोमिटर प्रतिघण्टा, सन् १९८१ मा ३८० किलोमिटर प्रतिघण्टा र सन् १९९० मा ५१५.३ किलोमिटर प्रतिघण्टा क्षमताको रेल परिक्षण गरेको थियो । हाल फ्रान्समा ३२० किलोमिटर प्रतिघण्टा क्षमताका रेल पेरिसदेखि लियोन, मार्सेली, बोर्डो, नान्टेस, स्ट्रासबर्ग, लिले, ब्रसेल्स र लन्डनस चल्ने गरेका छन् । तिव्र गतिको रेल निर्यातमा पनि फ्रान्स सफल छ । यसले टीजीभी प्रविधि स्पेन, दक्षिण कोरिया, ताइवान, मारेक्को, इटाली र अमेरिकालगायतका देशहरुलाई बेचेको छ ।

**६. जेआर इस्ट ई५ (जापान)**

जापानले सबैभन्दा पहिले सन् १९६४ मा तीव्र गतिका रेलको अवधारणा ल्याएको थियो र अहिले पनि यसले विश्वको नेतृत्व गरिरहेको छ । जापानले यसको सिकान्से अथवा बुलेट ट्रेनबाट तीव्र गति, यात्रु बोक्नसक्ने क्षमता र सुरक्षालाई नयाँ उचाईमा पुर्याएको थियो । जापानका धेरै जसो सिकान्से रेल अहिले पनि अधिकतम ३०० किलोमिटर प्रतिघण्टाको गतिमा कुद्छन् । तर, जापान रेलवे इस्ट ( जेआर ईस्ट)को ई५ बुलेट रेल भने ३२० किलोमिटर प्रतिघण्टाको गतिमा उत्तर टोकियो देखि शिन-आमोरी सम्म कुद्छ । ७३१ सिट रहेका यी प्रत्येक रेलमा ३२ वटा विद्युतीय मोटर जडित छन्, जसले १२ हजार ९०० हर्सपावर उत्पन्न गर्छ । सुरुङभित्र तीव्र गतिमा चलिरहेका बेला यो रेलको अगाडि भाग ठूलो आवाज ननिकाल्ने गरी बनाइएको छ । सन् २०११ देखि यस्ता ५९ वटा रेलहरु सञ्चालनमा रहेछन् ।

**७. अल बोराक (मोरक्को)**

अफ्रिकाको पहिलो र एकमात्र तीव्र गतिको रेल मोरक्कोमा सन् २०१८ को नोभेम्बरमा सञ्चलानमा आएको थियो । यो रेलले मोरक्कोको बन्दरगाह सहर तांग्यिरलाई कासाब्लांकासँग जोड्छ । फ्रान्सेली टीजीभी प्रविधिमै बनेको यो विद्युतीय रेलले ३२० किलोमिटर प्रतिघण्टाको गति लिन्छ । अल बोराक रेलले परिक्षणका क्रममा सन् २०१७ मा ३५७ किलोमिटर प्रतिघण्टाको गतिमा कुदेको थियो । इस्लामिक धर्मका प्रोफेटहरुलाई बोक्ने पौराणिक प्राणीका नामबाट यो रेलको नाम अल बोराक राखिएको हो ।

**८. एभीई एस-१०३ (स्पेन)**

फ्रान्सकै टीजीभी प्रविधि प्रयोग गर्दै स्पेन सन् १९९२ मा तिव्र गतिको रेल भएका मुलुकको सूचीमा जोडिएको थियो । त्यसयता स्पेनले आफ्नै सुपरफास्ट रेलको विकास गरेको छ भने विभिनन सहर जोड्ने युरोपकै लामो रेल नेटर्वक विस्तार गरेको छ ।अल्टा भेलोसिड्याड ईस्पाना( एभीई) स्पेनको तिव्र गतिको रेल ३१० किलोमिटर प्रतिघण्टाको गतिमा कुद्छ । स्पेनको एस-१०२ टाल्गो र एस-१०३ भेलारो थप शक्तिशाली रेल हुन् । ३५० किलोमिटर प्रघिण्टाका गतिसम्म प्रमाणीत, ४०४ सिटको एस-१०३ रेलले स्पेनका दुई ठूला सहरलाई जोड्छ । सन् २००६ मा यो रेलले ४०४ किलोमिटर प्रतिघण्टाको गतिसहित त्यतिबेला विश्व कृतिमानी कायम गरेको थियो । स्पेनका सुपरफास्ट ट्रेनहरू म्याड्रिडदेखि सेभिल, मालागा, भ्यालेन्सिया, ग्यालिसिया र बार्सिलोनासम्म चल्छन् ।

**९. केटीएक्स (दक्षिण कोरिया)**

सन् २००४ देखि दक्षिण कोरियाले यसको तिव्र गतिको रेल नेटवर्कको व्यापक विकास र विस्तार गरेको छ । सन् २००४ मा दक्षिण कोरियाले सियोलदेखि बुसान रुटमा केटीएक्स रेल सञ्चालनमा ल्याएको थियो । ३०५ किलोमिटर प्रतिघण्टाको गतिमा चल्ने यो रेलले अधिकतम ३३० किलोमिटरको गति दिनसक्छ ।फ्रान्सको टीजीभी प्रविधिमा आधारित यो रेलले सियोलदेखि बुसानको यात्रा चार घण्टाबाट २ घण्टा १५ मिनेटमा झारेको थियो । दक्षिण कोरिया, फ्रान्स, जापान र चीनसँग विश्वमा ४२० किलोमिटर प्रतिघण्टा भन्दा तिव्र गतिको रेलको विकास गर्ने मुलुक हो । नयाँ पुस्ताको एचईएमयु-४३० एक्स प्रोटोटाइपले सन् २०१३ मा ४२१.४ किलोमिटर प्रतिघण्टाको गति देखाएको थियो ।

**१०.ट्रेन इटालिया ईटीआर१००० ( इटाली)**

इटालीले सन् २०१७ मा नयाँ तिव्र गतिको रेल सञ्चालनमा ल्याएको थियो । फ्रेसिएरोसा (रेड एरो) हाई स्पिड ट्रेन इटाली सरकारले प्राइभेट प्रतिस्पर्धीको प्रतिक्रियामा ल्याएको थियो । अधिकतम ४०० किलोमिटर गतिसम्म दिनसक्ने किसिमले विकास गरिएको यो विद्युतीय रेलमा १० हजार हर्सपावर क्षमता छ । ३६० किलोमिटर प्रतिघण्टाका लागि मात्रै अनुमति प्राप्त यो रेलले परिक्षणका क्रममा सन् २०१६ मा ३९४ किलोमिटर प्रतिघण्टाको गति देखाएको थियो । २०० मिटर लामो रेलमा ४५७ सिट छन् । यी रेलहरुलाई ३०० किलोमिटर प्रतिघण्टाको गतिमा मात्रै सञ्चालन गरिएको छ । यी रेलह इटालीको उत्तरमा टुरिन, मिलान, भेनिस, बोलोग्ना, फ्लोरेन्स, रोम र नेपल्स सहरमा सञ्चालित छन् ।

*-बाह्रखरी डटकम*

# बाजा बजाउने पेसा हराउँदै



**वालिङ,** असार ११/दोस्रो पुस्ताले रुचि नदेखाउँदा पछिल्लो समय यहाँको बाजा बजाउने पेसा हराउने अवस्था देखा परेको छ । स्याङ्जाको गल्याङ नगरपालिका-८ बङातीमा पुर्खौंदेखि परियार समुदायले बजाउँदै आएको नौमती बाजा पछिल्लो समय नयाँ पुस्ताले अँगाल्न नसक्दा सो पेसा हराउने अवस्था देखिन थालेको हो ।

बङातीका बाजा भनेपछि यसको छुट्टै महत्व र माग हुँदाहुँदै पनि नयाँ पुस्ताले यो पेसाप्रति रुचि नदेखाएकाले भोलिका दिनमा हराउँछ कि भन्ने चिन्ता बङाती कालिका बाजा समूहका अध्यक्ष दलबहादुर परियारको छ 'लगनका बेला र शुभकार्यमा नौमती बाजाको माग हुने गरेको छ', उनले भने, 'अरु बेला काम पाइँदैन, लगनका बेलामा मात्रै बाजा बजाएर दैनिक चल्ने कुरै भएन ।' बाजा बजाएर दैनिकी चलाउन गाह्रो हुने, नियमित आम्दानी नहुने, मेहनत अनुसारको पारिश्रमिक नपाइने भएकाले युवा पुस्ताले रुचि नदेखाएको उनले बताए । 'गाउँमा युवाको संख्या त अधिक छ, यो पेसाबाट आम्दानी कम हुने भएकाले टिक्न सक्ने अवस्था भएन, गाउँका अहिले करिब ३५-४० युवा वैदेशिक रोजगारीमा छन्, यहाँका युवाले बाजा बजाउने सीप नै नजानेका होइनन्', उनले भने, 'सीप त जानेका छन्, तर यसबाट भएको आम्दानीले घर खर्च चलाउनै मुस्किल भएपछि टिकिराख्न सकेनन् ।' केही वर्ष पहिले गल्याङ नगरपालिकाले नौमती बाजा सेट उपलब्ध गराएको थियो । बाजा पुराना भएकाले बजाउन समस्या हुन थालेको समूहका सदस्य लोकबहादुर परियारले बताए । बाजा समूहका लागि नयाँ बाजा र समूहको पोशाक आवश्यक रहेको उनले बताए । 'बाजाको माग भएका स्याङ्जासहित छिमेकी जिल्लाका विभिन्न ठाउँमा बाजा बजाउन जान्छौँ', उनले भने 'बाजाको माग नभएका बेला घरमै सिलाइकटाइ गर्ने गरेका छौँ ।' बिहान कमाएर साँझ खानपर्ने बाध्यता रहेकाले नयाँ बाजागाजा थप गर्नसक्ने अवस्था नरहेको लोकबहादुरले बताए । *-रासस*

## पाल्पाका स्थानीय सरकारको...

**माथागढीको ५५ करोड**

माथागढी गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि ५५ करोड २२ लाख ३ हजार ३ सय ५४ बराबरको बजेट ल्याएको छ । उपाध्यक्ष विष्णुमाया लुङचे मगरले गाउँ सभामार्फत उक्त बजेट पेश गरेकी हुन् । पालिकाले पुँजीगततर्फ २३ करोड १९ लाख र चालुतर्फ ३२ करोड २ लाख ल्याएको छ । यो बजेट चालु आर्थिक वर्ष भन्दा केही बढी रहेको छ । अघिल्लो वर्ष ५७ करोड ७४ लाख ९४ हजार ल्याएको थियो ।

**निस्दीको ६४ करोडको बजेट**

निस्दी गाउँपालिकाले ६४ करोड ७ लाख ९७ हजारको बजेट ल्याएको छ । पालिका उपाध्यक्ष तिरण कुमारी श्रेष्ठले गाउँसभामा उक्त बजेट पेश गरेकी थिइन् । पालिकाले चालु आर्थिक वर्षमा ६४ करोड ९८ लाख २५ हजारको बजेट ल्याएको थियो ।

**बगनासकालीको ४९ करोडको बजेट**

बगनासकाली गाउँपालिकाले ४९ करोड ३४ लाख ६४ हजार ५ सय २४ बराबरको बजेट ल्याएको छ । पालिका उपाध्यक्ष हरिप्रसाद पाठकले गाउँ सभामा पेश गरेको बजेट सर्वसम्मत रुपमा पारित गरिएको हो । यो चालुआर्थिक वर्षको भन्दा केही कम हो । अघिल्लो वर्ष गाउँपालिकाले ५० करोड १८ लाख २३ हजारको बजेट ल्याएको थियो ।

**रम्भाको ४८ करोड बजेट**

रम्भा गाउँपालिकाले ४८ करोड ८ लाख, १५ हजार ६९ बराबरको बजेट ल्याएको छ । उपाध्यक्ष राधाकुमारी श्रेष्ठले गाउँ सभामामा उक्त बजेट पेश गरेकी थिइन् । जसमा चालुतर्फ ३२ करोड ७४ लाख ६९ रुपैयाँ र पुँजीगततर्फ १५ करोड ३४ लाख १५ हजार विनियोजन गरिएको छ । चालुआर्थिक वर्षको भन्दा यो बजेट केही कम हो । पालिकाले अघिल्लो वर्ष ५० करोड २९ लाख ८३ हजार बराबरको बजेट ल्याएको थियो ।

**पूर्वखोलाको ४६ करोड बजेट**

पूर्वखोलामा गाउँपालिकाले ४६ करोड ६७ लाख ३ हजार ३ सय ८५ बराबरको बजेट ल्याएको छ । पालिका उपाध्यक्ष भागिरथी भट्टराईले गाउँ सभामा उक्त बजेट पेश गरेकी थिइन् । यो बजेट चालुआर्थिक वर्षको भन्दा केही कम हो । पालिकाले चालुआर्थिक वर्ष ४८ करोड १७ लाख ७४ हजारको बजेट ल्याएको थियो ।

**तिनाउको ४९ करोड बजेट**

तिनाउ गाउँपालिकाले ४९ करोड ७२ लाख २४ हजारको बजेट ल्याएको छ । पालिका उपाध्यक्ष लालबहादुर थापाले उक्त बजेट गाउँ सभामा पेश गरेका थिए । यो बजेट चालु आर्थिक वर्षको भन्दा केही बढी हो । गाउँपालिकाले अघिल्लो वर्ष ४८ करोड २० लाख ४१ हजारको बजेट ल्याएको थियो ।

## रेसुङ्गा नगर...

...सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच पुर्‍याउन सबै वडाहरुमा आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य चौकीहरुको व्यवस्थापन सुधार, तम्घास अस्पतालको व्यवस्थापन लगायत स्वास्थ्य क्षेत्रको विकासका लागि तीन करोड ५६ लाख ८४ हजार बजेट विनियोज गरिएको छ । खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम सञ्चालका लागि एक करोड, सामाजिक समावेशीकरण संस्कृति प्रवर्द्धन र खेलकुद तथा मनोरञ्जन क्षेत्रको प्रवर्द्धनका लागि ५२ लाख बजेट विनियोजन गरिएको छ ।

भौतिक निर्माणका लागि १६ करोड १९ लाख, वातावरण तथा विपद् व्यवस्थापनका लागि ७० लाख, संस्थागत विकास तथा सेवा प्रवाह र सुशासनको क्षेत्रमा १२ करोड ४५ लाख छुट्याइएको छ । नगरप्रमुख पन्थीले प्रस्तुत गरेको बजेट असार १२ गते बस्ने नगरसभाको तेस्रो बैठकमा विनियोजन विधेयक पारितका लागि निणर्यार्थ प्रस्तुत गरिने प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद अर्यालले बताए ।


## हार्दिक समवेदना



जन्म
वि.सं. १९९८/०४/१०

स्वर्गारोहण
वि.सं.२०८०/०३/०१

**स्व.सुमित्रा देवी रणपाल**

परियार समाज गुठी तानसेन पाल्पाका संस्थापक एवं पूर्व अध्यक्ष स्व.बाबुराम रणपालको धर्मपत्नी तथा शंकर, महेन्द्र, शरण एवं. अर्जुन रणपालको ममतामयी माता **सुमित्रा देवी रणपाल**को मिति २०८० असार १ गते शुक्रबारका दिन ८३ वर्षको उमेरमा भएको दुःखद् निधनले यस गुठी परिवार स्तब्ध भएको छ । साथै यस दुःखद् घडीको आज १३ औं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनासँगै **हार्दिक श्रद्धाञ्जली** तथा शोकाकूल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

| कोषाध्यक्ष | महासचिव | अध्यक्ष |
|---|---|---|
| विष्णु गौतम | सुजन कार्की | तीर्थप्रसाद गौतम |

एवं

**परियार समाज गुठी परिवार**
तानसेन, पाल्पा


### खेलकुद समाचार

# यू-१६ लिग फुटबल असार ३० गतेदेखि



**काठमाडौं,** असार ११/अखिल नेपाल फुटबल संघ (एन्फा) ले यू-१६ लिग असार ३० गतेदेखि सञ्चालन गर्ने भएको छ । एन्फा र 'ए' डिभिजन क्लबका प्रतिनिधिहरुसँगको छलफल पछि यू-१६ लिगको मिति टुंगो लगाइएको एन्फाले जनाएको छ ।

यसअघि एन्फा यू-१६ लिग असार २३ गतेदेखि सञ्चालन हुने भनिएको थियो । तर, त्यतिबेला अधिकांश विद्यालयमा परीक्षा सञ्चालन हुने भएकाले मिति सारेर असार ३० गते पुर्‍याइएको एन्फाले जनाएको छ । यू-१६ लिगका लागि क्लबहरुले असार १२ गतेसम्म आफ्नो टिम दर्ता गराउनु पर्नेछ । यसैगरी क्लबहरुले असार २४ गतेभित्र क्लबहरुले खेलाडीको नाम दर्ता गराउनु पर्नेछ । त्यसपछि एन्फाले असार २५ गते खेल तालिका प्रकाशन गर्नेछ । एन्फाले यू-१६ लिगको तयारीका लागि सहभागी क्लबहरुलाई तीन लाख रुपैयाँ उपलब्ध गराउने भएको छ । खेलाडीहरुको अध्ययनलाई ध्यानमा राखी यू-१६ लिगका खेलहरु शुक्रबार, शनिबार वा सार्वजनिक बिदाको दिन पारेर खेलाइने भएको छ ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्कः ०७५-५२०६०१



**मूल प्रमाणपत्र हराएको सूचना**

मिति २०८० वैशाख ०२ गतेका दिन पाल्पाको तानसेनदेखि बगनासकाली गाउँपालिकातर्फ जाँदै गर्दा बिनिता पौडेलको Lumbini Engineering Management & science collage, Bhalwadi, Rupandehi बाट अध्ययन गरेको साथै पोखरा विश्वविद्यालयबाट प्राप्त गरेको निम्न विवरणको मूल प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनु अनुरोध छ ।

**नाम** : बिनिता पौडेल
**ठेगाना** : तानसेन-३, बसन्तपुर, पाल्पा/रिब्दीकोट-४, भैरवस्थान, पाल्पा
**ट्रास्किप्ट नं** : ४२८१४
**रजिष्टेशन नं.** : २०११-१-०४-०४९७
**सम्पर्क नम्बर** : ९८४७०२९६२९


### अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक दोहोरो अंकले बृद्धि



**पाल्पा,** असार ११/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अंकले वृद्धि भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार सोमबार नेप्से परिसूचक ११ दशमलव ६९ अंकले वृद्धि भएर दुई हजार एक सय २९ दशमलव ४२ मा पुगेको हो ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ६६ अंकले उकालो लागेर तीन सय ९९ दशमलव ११ मा पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये पाँच उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ भने आठ उपसमूहको शेयर मूल्यमा बृद्धि भएको छ । नेप्सेका अनुसार कूल एक करोड १९ लाख तीन हजार छ सय ८७ कित्ता शेयर रु पाँच अर्ब ३१ करोड २४ लाख २२ हजार ८७ मूल्यमा खरिद बिक्री भएका छन् । कारोबार रकमका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रु ४२ करोड पाँच लाख ९९ हजार पाँच सय ८५ बराबरको कारोबार भएको छ । सोल्टी होटल रु २७ करोड २६ लाख ९६ हजार, हिमालयन डिस्टिलरी रु २२ करोड ३७ लाख ९९ हजार सात सय १९ बराबरको शेयर कारोबार भएको छ ।

साथै आइजीआई प्रुडेन्सियल इन्स्योरेन्सको रु १५ करोड ४९ लाख ९६ हजार चार सय ६४ र नेपाल लाइफ इन्स्योरेन्स रु १४ करोड ८६ लाख ३९ हजार तीन सय २६ बराबरको शेयर कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार हिमालयन लाइफ इन्स्योरेन्स, बीपीडब्ल्यू लघुवित्त, सिटी होटलको शेयर मूल्यमा १० प्रतिशतले बढेर सकारात्मक सर्किट लागेको छ । यस्तै, सिभिल लघुवित्त नौ दशमलव ९७ र माउण्टेन इनर्जी नेपालले शेयर मूल्य नौ दशमलव ७६ प्रतिशतले बढेको छ ।


# व्यवसायिक कृषिले बनाउँछ सुखी

- निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिको प्रारम्भ गरौं,
- खेतीयोग्य जमिन बाँझो नराखौं,
- लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,
- व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।
- मानो रोपौं, मुरी फलाऔं,
- खेतीयोग्य जमिन बाँझो नछोडौं,
- पसिना बगाऔं, समुन्नत बनौं,
- आफू र देशलाई परनिर्भरताबाट बचाऔं ।

**लुम्बिनी प्रदेश सरकार**
**आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई